
# जिल्ला अस्पताल भोजपुरको वार्षिक प्रगति प्रतिवेदन






आ.व. २०८१/०८२



# ANNUAL REPORT

## FY 2081/082

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश
जिल्ला अस्पताल भोजपुर

# Table of contents


| | |
|---|---|
| १. पृष्ठभुमीमा जिल्ला अस्पताल भोजपुर । | १ |
| २. जिल्ला अस्पताल भोजपुरको सांगठनिक तालिका । | २ |
| ३. जिल्ला अस्पताल भोजपुरमा प्रदान गरिने सेवाहरु । | ५ |
| ३.१ वहिरङ्ग सेवा | ६ |
| ३.२ अन्तरङ्ग सेवा | ६ |
| ३.३ आकस्मिक सेवा | ६ |
| ३.४ प्रयोगशाला सेवा | ६ |
| ३.५ रेडियोलोजी सेवा | ७ |
| ३.६ दन्त सेवा | ७ |
| ३.७ स्वास्थ्य बिमा कार्यक्रम | ८ |
| ३.८ सामाजिक सेवा एकाई कार्यक्रम | ८ |
| ३.९ OCMC सेवा | ९ |
| ३.१० विशेषज्ञ सेवाहरु | ९ |
| ३.११ फार्मेसी सेवा | १२ |
| ३.१२ ब्लड वैंक | १२ |
| ४. Hospital Beds | १२ |
| ५. Human Resources | १३ |
| ६. जिल्ला अस्पताल भोजपुर व्यवस्थापन समितिको संक्षिप्त विवरण। | १४ |
| ७. अस्पतालको भौतिक सम्पतिको विवरण। | १४ |
| ८. वार्षिक बित्तिय प्रगति विवरण। | १७ |
| ९. Hospital Related Instruments | २० |
| १०. Hospital Services summary | २२ |
| ११. आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका मुख्य मुख्य क्रियाकलापहरु । | ३२ |
| १२. अस्पताले सामाना गरि रहेको चुनौतीहरु । | ३६ |

# जिल्ला समन्वय समिति

भोजपुर

कोशी प्रदेश नेपाल



## शुभकामना

जिल्ला अस्पताल भोजपुरले वार्षिक रूपमा प्रतिवेदन निकाल्दै आएको र यस वर्ष पनि प्रतिवेदन निकाल्न लागेको थाहा पाउँदा खुशि लागेको छ। न्यून जनशक्ति भएको अवस्थामा पनि अधिकतम सेवा निरन्तर संचालन गरी नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु हुने चिकित्सकहरू, स्वास्थ्यकर्मिहरु लागयत सम्पुर्ण अस्पताल परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अस्पतालको भौतिक पूर्वाधार, बिशेषज्ञ सेवा र साधन Equipment हरूको उच्चतम व्यवस्थापनका लागि हामीले सधै पहल गरिरहेका छौं। एउटा सुविधा सम्पन्न गुणस्तरीय सेवा दिने सरकारी अस्पतालको व्यवस्था गरी यस भेगका नागरिकहरूलाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने गराउने कार्यमा सबै बिशेषज्ञ, डाक्टर, कर्मचारीहरुमा, स्वास्थ्यकर्मी साथीहरू लगायत अस्पताल व्यवस्थापन समितिलाई उत्साहित गर्दै आगामीहरुमा दिनमा अझ राम्रो सेवा प्रवाहको लागि शुभ-कामना ब्यक्त गर्दछु।

मिति २०८२/०४/३१

(कमल थुलुङ राई)
प्रमखु
जिल्ला समन्वय समिति, भोजपुर

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल भोजपुर

कोशी प्रदेश
भोजपुर, नेपाल



मितिः२०८२/०४/३१

## प्राक्कथन

भोजपुर जिल्लाको स्वास्थ्य सेवा प्रवाह गर्ने प्रमुख संस्थाको जिम्मेवारी निर्वाह गर्दै आएको जिल्ला अस्पताल भोजपुरले आफ्नो वार्षिक कार्यक्रमहरूको साथै आ.व. २०८१/८२ मा अस्पतालबाट प्रदान गरिएका प्रमुख सेवाहरू लगायत अन्य स्वास्थ्य सम्बन्धी सूचनाहरू समावेश भएको यो प्रतिवेदन प्रकाशन गरी सरोकार वाला समक्ष पुर्याउने प्रयत्न गरेका छौं।

भोजपुर जिल्लाको वर्तमान स्वास्थ्य सम्बन्धि भरपर्दो तथ्य विवरणको रूपमा प्रकाशित यो प्रतिवेदन गैर सरकारी संस्था, नीजि क्षेत्र, विश्लषेक, बिद्यार्थीका साथै संघीय स्वरूपमा व्यवस्थापन भएका स्थानीय निकाय र प्रदेशका लागि वर्तमान स्वास्थ्य स्थितिको बिश्लेषण गरी भावी स्वास्थ्य योजना निर्माण गर्नमा समेत यी तथ्यांक र जानकारिहरु उपयोगी हुने अपेक्षा गरेका छौं।

गत आ.व.मा सरदर बीरामी, अस्पतालको जम्मा बिरामी भर्ना संख्या, भोजपुर अस्पतालले प्रदान गरेका मुख्य मुख्य सेवाहरू, सुरक्षित मातृत्व कार्यक्रम, सुरक्षित गर्भपतन सेवा लगायतका विवरणर्लाई यो प्रतिबेदनको मुख्य बिषय बस्तु बनाइएको छ। जसबाट स्वास्थ्य सचेतना अभिबृद्धि सँगै आर्थिक नियमितता, पारदर्शिता, मित्तव्यभितता जस्ता सुशासनका पक्षहरूमा प्रभावकारीता बृद्धि हुने बिश्वास लिएको छु।

अन्त्यमा यो प्रतिवेदन तयारीमा हर संभव प्रयत्न गर्नुहुने यस अस्पतालमा कार्यारत कर्मचारीहरु श्री दिपेन्द्र दास, सौगात रेग्मी, खगेन्द्र थापा, सरण प्रधान र गणेश घिमिरे तथा सबैमा एकमुष्ट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।


डा. पवित्रा श्रेष्ठ
मेडिकल सुपरिटेण्डेण्ट
जिल्ला अस्पताल, भोजपुर।

## १. पृष्ठभुमि.

भोजपुर प्रदेश नं १ को मध्य पहाडि भेगको एक दुर्गम जिल्ला हो। यस जिल्लाको पूर्वमा संखुवासभा र धनकुटा पश्चिममा खोटाङ र उत्तरमा संखुवासभा र सोलुखुम्बु तथा दक्षिणमा उदयपुर जिल्ला रहेका छन। समुद्री सतहबाट ५ सय फिटदेखि १४ हजार फिटसम्मको उचाइमा फैलिएर रहेको यस जिल्लाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनि हावापानी सम्म पाइन्छ। जातिगत हिसाबले बिभिन्न जातिको बसोबास रहेता पनि राई जातिको बाहुल्यता रहेको छ। २०७८ सालको जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या १, ५७, ९२३ रहेकोमा करिब ३४.१ प्रतिशत राई जातीहरुको बसोबास रहेको छ। प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ वटा र प्रदेशसभा निर्वाचन क्षेत्र २ वटा रहेको यस जिल्लामा २ वटा नगरपालिका र ७ ओटा गाउँपालिकाहरु रहेका छन ।

देश संघियतामा गए पश्चात जिल्ला अस्पताल प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको हुँदा गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नको लागि यस जिल्ला अस्पताललाई सुविधा सम्पन्न गराउन जिल्ला समन्वय प्रमुख, अस्पताल व्यस्थापन समितिको पदेन अध्यक्ष हुने प्रावधान अनुरुप गठित भएको अस्पताल व्यस्थापन समितिको गठन पश्चातको समयलाई यस अस्पतालको आधुनिक यूगको सुरुवात मान्न सकिन्छ। जिल्ला अस्पताल भोजपुरको स्थापना मितिको निश्चित कागजात नभएता पनि जानकारहरुको अनुसार बि.स. २०१७ सालमा स्थापना भएको मानिन्छ। बिभिन्न जग्गा दाताहरुबाट प्राप्त भएको जम्मा २७ रोपनी क्षेत्रफलमा यो अस्पताल फैलिएको छ।बिभिन्न समय कालखण्ड सगैं अस्पतालको नेतृत्व गर्ने मेडिकल सुपरिटेण्डेण्टहरु बाट अस्पतालको स्वास्थ्य सेवा बिस्तार गर्ने क्रम्ममा डायोनोष्टिक सेवा रेडियोलोजि सेवा सन् २०२३ बाट डिजिटल रेडियोलोजी सेवा बिस्तार २०७३ फार्मेसी सेवा बिस्तार, प्रयोगशाला, कल्चर, जि.ए. मेसिन खरिद दुईवटा चालु सल्यक्रिया कक्ष सेवा बिस्तार, हाडजोर्नि तथा नसारोग, सर्जरी सेवा बिस्तार, साथै नयाँ एम्बुलेन्स तथा अन्य बिभिन्न संघ संस्थाहरुबाट समेत सहयोग लिई बिशेषज्ञ चिकित्सक व्यस्थापन लगायत औजार उपकरणमा सहयोग प्राप्त भई अस्पतालको सेवा विस्तार तथा कोभिड १९ को पहिलो र दोश्रो लहरमा निदान, उपचार र व्यस्थापनमा उल्लेखनिय सफलता प्राप्त भएको छ। तथापि बिरामिहरुको उच्च चाँप, भौत्तिक पूर्वाधारहरुको अभाव र जनशक्तिहरु प्रर्याप्त  नभएका कारणले सेवाग्राहिबाट बेला बेलामा जनगुनासो समेत आउने गरेको छ। तथापि सिमित स्रोत साधनहरुको उच्चतम प्रयोग गरी अधिकतम व्यवस्थापन गरिदै आएको र आगामी दिनहरुमा समेत मन्त्रालयको निर्देशन, सरोकारवाला निकाय र सेवाग्राहिहरुको सुझावलाई शिरोधार्य गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मिहरुको मनोवल उच्च बनाउदै अधिकतम गुणस्तरिय सेवा प्रदान गर्न अस्पताल व्यवस्थापन प्रतिबद्ध रहेको छ।

२. साङ्गठनिक संरचना



# जिल्ला अस्पताल भोजपुर

## ३. नागरिक बडापत्र

| क्र.स. | सेवाको किसिम | उपलब्ध सेवा | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ती | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | बहिरङ्ग सेवा (OPD) | नाम दर्ता | 2 | ९ वजे देखी ३ वजे सम्म | रु २० | दर्ता सहयोगी | मे.सु. |
| | | General OPD | 12 | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | रु २० | मे.अ./MDGP | मे.सु. |
| | | Gynaecology OPD | 13 | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | रु २० | मे.अ./Gynaecologist | मे.सु. |
| | | Surgery OPD | 11 | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | रु २० | जनरल सर्जन | मे.सु. |
| | | Orthopaedic OPD | 11 | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | रु २० | अर्थोपेडिक सर्जन | मे.सु. |
| | | Dental OPD | 14/15 | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | रु २० र सार्वजनिक विदाको दिन रु ५० | डेन्टल हाईजेनिस्ट/ डेन्टल सर्जन | मे.सु. |
| | | Dressing / Procedure | ६ | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | समितिको निर्णय अनुसार | पारामेडिक्स./मे.अ./ विशेषज्ञ | मे.सु. |
| २ | अन्तरङ्ग सेवा (Indoor ) | विरामी भर्ना | २४ | २४ सै घण्टा | रु ५० | नर्सिङ्ग स्टाफ | मे.सु. |
| | | राउण्ड लिने समय | | विहान ०८ बजे वेलुका ४ बजे | निःशुल्क | विशेषज्ञ र मे.अ. | नर्सिङ्ग ईन्चार्ज/ मे.सु. |
| ३ | आकास्मिक सेवा (Emergency service ) | नाम दर्ता | ३ | २४ सै घण्टा | रु ५० | दर्ता सहयोगी | |
| | | विरामी परिक्षण तथा उपचार | | २४ सै घण्टा | निःशुल्क | पारामेडिक्स/ मे.अ./विशेषज्ञ | इमर्जेन्सी ईन्चार्ज/ मे.सु. |
| | | Dressing / Procedure | | २४ सै घण्टा | समितिको निर्णय अनुसार | पारामेडिक्स/ मे.अ./विशेषज्ञ | मे.सु. |
| | | Nebulization | | २४ सै घण्टा | रु २५ | पारामेडिक्स/ मे.अ./विशेषज्ञ | मे.सु. |
| | | राउण्ड लिने समय | | विहान ०८ बजे बेलुका ४ बजे | निःशुल्क | विशेषज्ञ र मे.अ. | मे.सु. |
| ४ | रेडियोलोजी विभाग | एक्सरे | ४ | २४ सै घण्टा | समितिको निर्णय अनुसार | रेडियोग्राफर | मे.सु. |
| | | ECG | ५ | २४ सै घण्टा | रु २५० | पारामेडिक्स | मे.सु. |
| | | USG | ८ | विहान १२ देखी ३ वजे सम्म | रु ६०० | मे.अ./विशेषज्ञ | मे.सु. |
| ५ | प्रसुती सेवा | सामान्य प्रसुती सेवा | १७ | २४ सै घण्टा | निःशुल्क | नर्सिङ्ग स्टाफ/ASBA/MDGP/Gynaecologist | मे.सु. |
| | | सल्यक्रिया द्वारा प्रसुती सेवा | २६ | २४ सै घण्टा | निःशुल्क | ASBA/MDGP/Gynaecologist | मे.सु. |
| | | सुरक्षित गर्भपतन सेवा (MA/MVA/PAC) | २१ | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | निःशुल्क | तालिम प्राप्त नर्सिङ्ग स्टाफ/MO Gynaecologist | मे.सु. |
| ६ | | पाठेघरको मुखको क्यान्सरको जाँच | १३ | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | निःशुल्क | तालिम प्राप्त नर्सिङ्ग स्टाफ/MO Gynaecologist | मे.सु. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सुरक्षित मातृत्व सेवा | गर्भवती जाँच (MCH clinic ) | ७ | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | निःशुल्क | नर्सिङ्ग स्टाफ | मे.सु. |
| | | परिवार नियोजन तथा परामर्श सेवा | ७ | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | निःशुल्क | तालिम प्राप्त नर्सिङ्ग स्टाफ | मे.सु. |
| ७. | प्रयोगशाला शाखा | दिसा,पिसाव, खकार, रगत तथा अन्य परिक्षण | १६ | २४ सै घण्टा | समितिको निर्णय अनुसार | ल्याव असिस्टेन्ट/ ल्याव टेक्निसियन/ ल्याव टेक्नोलोजिष्ट | मे.सु. |
| ८. | फार्मेसी सेवा | सःशुल्क | १ | २४ सै घण्टा | समितिको निर्णय अनुसार | फार्मेसी अधिकृत/फार्मेसी सुपरभाईजर | मे.सु. |
| | | निःशुल्क औषधी वितरण | १ | २४ सै घण्टा | निःशुल्क | फार्मेसी अधिकृत/फार्मेसी सुपरभाईजर | मे.सु. |
| ९. | अप्रेशन सेवा | जनरल सर्जरी सेवा | ११ | ११ वजे देखी ३ वजे सम्म | समितिको निर्णय अनुसार | जनरल सर्जन / MDGP | मे.सु. |
| | | Gynaecology Surgery service (पाठेघरको आङ्ग खसेको महिलाहरुको निःशुल्क सल्यक्रिया सेवा ) | १३ | ११ वजे देखी ३ वजे सम्म | निशुल्क | Gynaecologist/MO | मे.सु. |
| | | अर्थोपेडिक सर्जरी | ११ | ११ वजे देखी ३ वजे सम्म | समितिको निर्णय अनुसार | अर्थोपिडिक सर्जन/ MDGP | मे.सु. |
| १० | नवजात शिशु उपचार सेवा | जन्म देखि २८ दिन भित्रका नवजात शिशुको उपचार | २७ | २४ सै घण्टा | निःशुल्क | तालिम प्राप्त नर्सिङ्ग स्टाफ/ मेडिकल अधिकृत/ MDGP | मे.सु. |
| ११ | खोप सेवा | जन्मे देखी १५ महिना सम्म लगाउनु पर्ने सम्पुर्ण खोप सेवा/ गर्भवती महिला को लागी TD खोप | ७ | विहान १० देखी वेलुका ०५ वजे सम्म | निःशुल्क | नर्सिङ्ग स्टाफ | मे.सु. |
| १२ | निरोगिता प्रमाणपत्र | | १२,१३ | विहान १० वजे देखी दिउसो ३ वजे सम्म | रु ६०० | मेडिकल अधिकृत | मे.सु. |
| १३ | घाँउ जाँच | | ३ | २४ सै घण्टा | रु ३०० | मेडिकल अधिकृत | मे.सु. |
| १४ | OCMC सेवा | | ३६ | २४ सै घण्टा | निःशुल्क | तालिम प्राप्त मे.अ./ ड्युटी मे.अ. | मे.सु. |
| १५ | सामाजिक सेवा एकाई | विपन्न र असाय विरामीको उपचार गर्ने/ जेष्ठ नागरिकलाई छुट सेवा | ४० | २४ सै घण्टा | निर्देशिका बमोजिम | अ.हे.व. सहजकर्ता | मे.सु. |
| १६ | ATT Clinic | | | विहान १० वजे देखी दिउसो ३ वजे सम्म | निःशुल्क | पारामेडिक्स | मे.सु. |
| १७ | एम्बुलेन्स सेवा | | | २४ सै घण्टा | समितिको निर्णय अनुसार | एम्बुलेन्स चालक | मे.सु. |
| १८ | पोष्टमार्टम सेवा | | | विहान १० वजे देखी वेलुका ५ वजे सम्म | निःशुल्क | मेडिकल अधिकृत | मे.सु. |

## ३. MAJOR HOSPITAL SERVICES OR AVILABLE SERVICES:

- OPD (OUT PATIENT DEPARTMENT) SERVICE.
- INDOOR SERVICE
- EMERGENCY SERVICE
- LABORATORY SERVICE (WITH CULTURE AND THYROID FUNCTION TEST)
- GENE EXPERT SERVICE
- ULTRASOUND, DIGITAL X- RAY, ECG AND NST SERVICE
- DELIVERY SERVICE (WITH CEONC)
- SAFE ABORTION SERVICE
- PHARMACY SERVICE
- DENTAL SERVICE
- ANTI RABIES VACCINE SERVICE
- AMBULANCE SERVICE
- HEALTH INSURANCE PROGRAMME
- SOCIAL SERVICE UNIT
- MCH, IMMUNIZATION SERVICE, FAMILY PLANNING
- OCMC SERVICE
- GERIATRIC SERVICE

## ३.१ बहिरङ्ग सेवा (OPD SERVICE)

यस अस्पतालमा बहिरङ्ग सेवा (OPD service) बिहान १० बजेदेखि ५ बजे सम्म दैनिक रूपमा संञ्चालन हुन्छ। भोजपुर अस्पतालमा दैनिक संञ्चालन हुने OPD, स्त्री रोग र जनरल मेडिसिनका बिरामि धेरै हुने गर्दछन्।यस अस्पतालमा आईतबार र बुधबार ओ.पि.डी. मा बिरामिहरुको चाप धेरै हुने गर्छ। सामान्यतया बहिरङ्ग सेवामा औसत ११० जना बिरामिहरुले सेवा पाईरहेको देखिन्छ।यस अस्पतालमा राष्ट्रिय स्वास्थ्य वीमा कार्यक्रम लागू भएकाले दैनिक जसो औषतमा ८५ जना बिमित विरामिहरुले सेवा पाई रहेको पाईन्छ।

## ३.२ अन्तरङ्ग सेवा (Indoor Service)

बहिरङ्ग सेवा संचालन भएकै भवनको सो तला भन्दा माथिको एक तलामा अन्तरङ्ग सेवा (Indoor Service) संचालित छ। अन्तरङ्ग सेवा दिनको लागि यस अस्पतालमा ४८ ओटा बिरामी बेड संञ्चालनमा छन ।Covid-19 महामारी शुरु भए पश्चात केही जटिल अवस्थाको बिरामीको उपचारको लागि ४ वटा भेण्टिलेटर उपलब्ध भए पनि हाल सम्म संचालनमा नरहेको अवस्था छ।त्यस्तै आवश्यकता अनुसार अन्य बिभिन्न बेडहरु छुट्याई संचालनमा ल्याईएको छ। अन्तरङ्ग सेवा अन्तर्गत प्रसुति सेवा, सुरक्षित गर्भपतन सेवा, SNCU सेवा, जनरल मेडिसिन सेवा जस्ता सेवाहरू रहेका छन।

## ३.३ आकस्मिक सेवा (Emergency Service)

आकस्मिक सेवा अस्पतालको अति महत्वपुर्ण सेवा हो।यस शाखामा सेवा दिनको लागि प्यासेन्ट मोनिटर, ई.सि.जी.मेसिन, स्टेचर,नेबुलाईजर आदि बिभिन्न औजार उपकरण, बिरामिका लागि प्रर्याप्त बेड, ईर्मरजेन्सी औषधिको व्यस्थापन गरिएको छ।

ईर्मरजेन्सी शाखामा TRIAGE व्यवस्था रहेको छ।साथै यस शाखामा साईरन पनि जडान गरिएको छ। कर्मचारी समायोजन प्रकृयाले गर्दा दरवन्दि अनुसार कर्मचारी नभएपनि अस्पताल बिकास समिति लगायत अन्य स्रोतबाट केहि जनशक्ति करार सेवामा लिई बिरामिलाई आवश्यक आकस्मीक सेवा उपलब्ध गराउदै आएको छ।

## ३.४ प्रयोगशाला सेवा (Laboratory Service)

प्रयोगशाला शाखा अस्पतालको सबै भन्दा मुनिको तलामा संञ्चालित छ । यस शाखाबाट २४ सै घण्टा सेवा प्रदान गरिन्छ। बिरामिलाई छिटो छरितो र गुणस्तरिय सेवा उपलब्ध गराउन फुल्लि अटोमेटेड एनलाईजर मेशिनहरू, सेमी अटोमेटेड एनलाईजर मेशिन लगायतका आधुनिक प्रविधियुक्त उपकरणहरु जडान गरिएका छन्। प्रयोगशाला बाट आ व. २०८१/८२ मा औसत प्रतिदिन करीव ७०८ वटा टेष्टहरू भएको देखिन्छ।यस शाखा अन्तर्गत दिईने सेवाहरू निम्न अनुसार छन ।

- Complete blood Count
- Liver Function Test
- Renal Function Test
- Serology Test
- Blood Culture

- Urine Re/me, Urine Culture
- Stool Re/me
- Lipid Profile
- Ra Factor
- Uric Acid
- VitaminD, Vitamin B12
- S.amylase
- S.Calcium
- Troponin-I
- Hba1c
- RBS, Sugar Fasting, PP
- ABG
- ASO Titer

### ३.५ रेडियोलोजी सेवा **(Radiology Service)**

रेडियोलोजी सेवा यस अस्पतालमा २४ सै घण्टा संञ्चालनमा रहन्छ। रेडियोलोजी सेवा अन्तर्गत विभिन्न सेवाहरू दिदै आइरहेको छ। रेडियोलोजी सेवा अन्तर्गत निम्न सेवाहरु उपलब्ध छन।

- अल्ट्रासाउण्ड सेवा (भिडियो एक्स-रे सेवा)
- डिजिटल एक्स-रे सेवा
- ई.सि.जि. सेवा

### ३.६ दन्त सेवा

भोजपुर जिल्ला अस्पतालमा दन्त सेवा दैनिक OPD समयमा सञ्चालन हुन्छ यस वाहेक सार्वजनिक विदाको दिन पनि दन्त OPD सेवा सञ्चालित छ । जस अन्तरगत निम्नानुसार सेवा उपलब्ध छन।

**प्रदान गरिने सेवाहरु**

- दन्त परिक्षण तथा परामर्श
- एक्सरे सेवा (RVG)
- दाँत सफा गर्ने
- चम्काउने
- दाँत कलरको भर्ने
- बच्चाको अस्थायी दातको जरा देखी नै उपचार
- दातको जरा देखी नै उपचार दाँत निकाल्ने
- दाँतमा खोल राख्ने
- Management of Locked Jaw
- दाँत निकाल्ने
- Irrigation & drainage
- टाका लगाउने

- घाउ सफा गर्ने
- राख्ने झिक्ने दाँत राखेको
- तलमाथीको पुरै दाँत राख्ने
- दाँत सेतो बनाउने
- Splinting of Mobile tooth
- Dental jewellery
- Dental Implant
- बाग्गो टिङ्गो दाँत मिलाउने
- Clear Aligner

## ३.७ स्वास्थ्य बीमा कार्यक्रम

संविधानमा मौलिक हकको रूपमा व्यवस्था भए अनुरूप जनताले स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई कार्यान्वयनमा ल्याई जनतालाई सर्भसुलभ गुणस्तरीय र सस्तो मूल्यमा स्वास्थ्य सेवा प्रदान गर्ने तथा आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच बढाउने उद्देश्यले नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम आ.व. २०७४/७५ बाट यस जिल्ला अस्पताल भोजपुरमा लागु भई निरन्तर रुपमा सेवा प्रवाह भई रहेको छ।

आ.व. २०८१/०८२ मा अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम मार्फत प्रदान गरेको निःशुल्क सेवा वापत सेवा प्रदायक संस्थालाई प्राप्त हुने स्वास्थ्य बिमा उपचार सोध भर्ना वापतको मिति २०८१ श्रावण देखी मिति २०८२ असार मसान्त सम्मको प्राप्त गर्न बाँकी रहेको रकम रु १९४६३१७०/- प्राप्त गर्न बाँकी रहेको तथा उक्त रकम प्राप्त हुन नसकेका कारण कार्यालयको कार्यालयको नियमित भुक्तानी गर्नु पर्ने चिकित्सक/ स्वास्थ्यकर्मी कर्मचारीहरुको निर्णय अनुसारको भत्ता तथा केमिकल्स रियजेन्ट र औषधीहरुको रकम भुक्तानी गर्न बाँकी रहेको

## ३.८ सामाजिक सेवा एकाई कार्यक्रम

नेपालको संविधान २०७२ को धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन। भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हक अन्तर्गत राखेको छ। सरकारले संविधानको भावना समेतलाई दृष्टिगत गरि निःशुल्क राष्ट्रिय स्वास्थ्य सेवा कार्यक्रम लागु गरेको छ सोहि कार्यक्रम अन्तर्गत २०७८ साल देखि यस अस्पतालमा पनि सामाजिक सेवा एकाई कार्यक्रम तथा जेष्ठ नागरिक सेवा कार्यक्रम संञ्चालित छ। आ.व. २०८१/०८२ मा निम्न बमोजिमको सेवा प्रवाह भएको छ।

सामाजिक सेवा एकाईबाट सेवा लिएका हरुको संख्या जेष्ठ नागरिक तर्फ ५०% छुट पाउने, ११०१ जना, ७५ % छुट पाउने ५४३ जना,१०० % छुट पाउने, २१३ जना गारि जम्मा

१८५७ जना र सामाजिक सेवा एकाई तर्फ छुट पाउने ५०% छुट पाउने २३ जना, ७५% मा ८५ जना छुट पाउने १००% छुट पाउने ९२ जना गरि जम्मा २०० जना सेवा लाभ गरे

## ३.९ एकद्वार संकट व्यवस्थापन केन्द्र

जिल्ला अस्पताल भोजपुरमा अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्वन्धि एकद्धार संकट व्यवस्थापन केन्द्र (Hospital Based One Stop Crisis Management Centre -OCMC) स्थापना सञ्चालन निर्देशिका २०७७ बमोजिम गठित मामिला व्यवस्थापन समिति द्वारा २०७६ साल देखि निरन्तर रुपमा संचालित छ। लैंङगिक हिंसा पिडित महिला तथा बाल बालीकाहरूलाई एकीकृत रूपमा स्वास्थ्य सेवा, मनोसामाजिक बिर्मस, चिकित्सा जन्य प्रमाण संकलन र संरक्षण अल्पकालीन आश्रय, कानूनी उपचार, आवश्यक सुरक्षा व्यवस्था र परीवार वा समुदायमा पुर्नःस्थापना तथा जिविकोपार्जनमा सहयोग गर्ने उदेश्यले तोकिएको अस्पतालहरूमा एकद्वार सङ्कट व्यव:स्थापन केन्द्र(ओ.सि.एम.सि.) स्थापना गरिएको हो। आ.व. २०८१/८२ मा यस केन्द्रबाट जम्मा ४७ जना पिडितले सेवा लिएका छन।

## ३.१० बिशेषज्ञ सेवाहरु


- जनरल ओ.पि.डी. सेवा



- सर्जरी सेवा




- हाड जोर्नी तथा नशारोग सेवा



✓ हातखुट्टाको हड्डि भाचिएको उपचार।
✓ स्टिल राख्ने।
✓ हाडर्जोनी मर्किएको,खुस्किएको उपचार।
✓ स्टिल निकाल्ने अपरेसन।
✓ घुडाँ खिएको बिरामिको पि.आर.पि. थेरापि उपचार।
✓ हड्डिको संक्रमणको उपचार।
✓ ढाड तथा नसा च्यापिएको बिरामिको उपचार।

- ✓ हात तथा खुट्टाको नसा च्यापिएको उपचार।
- ✓ हातखुट्टामा गाँठा गूठिको उपचार।



- **महिला तथा स्त्री रोग बिशेषज्ञ सेवा**



<u>सेवाहरु</u>

- महिलामा तल्लो पेट दुख्ने तथा सेतो गन्हाउने पानी बग्ने सम्वन्धि जाँच र उपचार
- प्रसुति/ गर्भवस्था (Antenatal) सेवा
- अनियमित महिनावारीको उपचार
- परिवार नियोजन सम्वन्धि परामर्श र सेवा
- योनी संक्रमण परिक्षण र उपचार
- महिनावारी सुकेपछिको समस्याको समाधान
- पाठेघर अण्डाशय र डिम्व सम्वन्धि कुनै पनि समस्याको निदान तथा उपचार
- पाठेघरको मुखको क्यान्सरको जाँच
- PCOS समस्याको उपचार
- प्रजनन् अंगहरु आफ्नो ठाउबाट खसेको/ आङ्ग जरेको
- निसन्तान दम्पतिहरुको लागी निःशुल्क परामर्श सेवा तथा उपचार

## ३.११. फार्मेसी सेवा

यस जिल्ला अस्पताल भोजपुरको फार्मेसी बि.स. २०७३ साल देखि संचालनमा आएको हो र यस शाखामा १ जना फार्मेसी अधिकृत र १ जना फार्मेसी सुपरभाईजर मार्फत २४ सै घण्टा सेवा प्रवाह उपलब्ध छ। जसमा नेपाल सरकारबाट नि:शुल्क वितरण गर्नुपर्ने औषधिहरु तथा खरिद प्रक्रियाबाट उपलब्ध औषधि स:शुल्क रुपमा २४ सै घण्टा फार्मेसी बाट उपलब्ध भई रहेको छ।

## ३.१२. ब्लड बैंक

यस जिल्ला अस्पताल भोजपुरमा मिति २०७८/५/१९ गते देखि जिल्ला अस्पताल भोजपुर, भोजपुर नगरपालिका र नेपाल रेडक्रस सोसाईटी भोजपुरको पहलमा व्लड बैंक सेवा निरन्तर रुपमा २४ सै घण्टा संचालित छ। जस अन्तर्गत ब्लड कलेक्सन, रक्त परिक्षण, रक्त भण्डारण र आवश्यक परेको बिरामीहरुको लागि रक्त बितरण सेवा सुचारु छ।

## ४. **Hospital Bed:**

| Description | Total |
|---|---|
| Sectioned beds | 15 |
| Total operational Beds | 48 |
| Emergency Beds | 10 |
| Total Inpatients Beds | 11 |
| Maternity Beds | 12 |
| ICU Beds | 0 |
| NICU Beds | 0 |
| SNCU Beds | 2 |
| Geriatric Beds | 9 |
| Post up bed | 3 |
| Fee beds for Deprive population | 1 |

## ५. HUMAN RESOURCE

### जिल्ला अस्पताल भोजपुरको हालको मानव संसाधन

| क्र. स. | पद | श्रेणी / तह | स्वीकृत दरवन्दी | पद पुर्ती | रिक्त | छात्रवृत्ति करार | दरवन्दी करार | अस्पताल व्यवस्थापन समिति करार | प्रदेश स्वास्थ्यकर्मी करार | कार्यक्रम करार/ अन्य करार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिटेन्डेन्ट | नवौं/ दशौ | १ | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २ | कन्सल्टेन्ट जनरल सर्जन | नवौं | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| ३ | MDGP | नवौं | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| ४ | मेडिकल अधिकृत | आठौं | २ | २ | ० | २ | ० | ० | ० | १ | ५ |
| ५ | डेन्टल सर्जन | आठौं | ० | ० | ० | १ | ० | १ | ० | ० | २ |
| ६ | मेडिकल ल्याव टेक्नोलोजिष्ट | सातौं | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| ७ | फार्मेसी अधिकृत | सातौं | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| ८ | हेल्थ असिस्टेन्ट | पाचौं | १ | ० | १ | ० | ० | ० | ३ | ० | ३ |
| ९ | स्टाफ नर्स | पाचौं | ४ | ३ | १ | ० | ० | ० | १ | ४ | ८ |
| १० | ल्याव टेक्निसियन | पाचौं | १ | १ | ० | ० | ० | ० | १ | ० | २ |
| ११ | मेडिकल रेकर्डर | पाचौं | १ | १ | ० | ० | ० | ० | ० | ० | १ |
| १२ | वायोमेडिकल टेक्निसियन | पाचौं | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १३ | नायव सुव्वा | पाचौं | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| १४ | रेडियोग्राफर | पाचौं | १ | ० | १ | ० | ० | ० | १ | ० | १ |
| १५ | फार्मेसी सुपरभाईजर | पाचौं | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| १६ | कम्प्युटर अपरेटर | पाचौं | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| १७ | डेन्टल हाईजेनिष्ट | पाचौं | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १८ | एनेस्थेसिया असिष्टेन्ट | पाचौं | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| १९ | खरिदार | चौथो | १ | ० | १ | ० | ० | ० | ० | ० | ० |
| २० | अ.हे.व. | चौथो | २ | ० | २ | ० | ० | ० | २ | ० | २ |
| २१ | अ.न.मी. | चौथो | २ | १ | १ | ० | ० | ० | ० | ० | १ |
| २२ | डार्करुम असिस्टेन्ट | चौथो | १ | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २३ | ल्याव असिष्टेन्ट | चौथो | १ | २ | ० | ० | ० | ० | ० | १ | ३ |
| २४ | सहायक कम्प्युटर अपरेटर | चौथो | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| २५ | अ.हे.व. सहजकर्ता | | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| २६ | हलुका सवारी चालक | | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| २७ | एम्वुलेन्स चालक | | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| २८ | सुरक्षा गार्ड | | ० | ० | ० | ० | ० | २ | ० | ० | २ |
| २९ | कार्यालय सहयोगी | | ११ | १ | | | १० | १ | ० | ४ | १६ |
| | | | ३० | १३ | ७ | ५ | १० | ८ | १० | १६ | ६२ |

## ६. अस्पताल व्यस्थापन समितिका सदस्यहरुको नामावली

| अस्पताल व्यवस्थापन समिति पदाधिकारी | | |
|---|---|---|
| क्रस. | नाम | पदकार्यालय / |
| ज्ञ | श्री कमल थुलुङ्ग राई ,अध्यक्ष | जिल्ला समन्वय समिति प्रमुख भोजपुर । |
| द्द | श्री कैलाश कुमार आले ,सदस्य | प्रमुख, भोजपुर नगरपालिका भोजपुर । |
| घ | श्री सुरेश पन्थी ,सदस्य | प्रमुख जिल्ला अधिकारी भोजपुर। |
| द्ध | श्री राजु लामा ,सदस्य | प्रमुख, जिल्ला प्रहरी कार्यलय, भोजपुर। |
| छ | श्री सृजना वनमाली ,सदस्य | प्रमुख, स्वास्थ्य कार्यलय, भोजपुर । |
| ट | श्री बद्री कुमार श्रेष्ठ ,सदस्य | प्रमुख, उद्योग वाणिज्य संघ, भोजपुर । |
| ठ | श्री तुल बहादुर सुब्बा ,सदस्य | प्रमुख, रेडक्रस सोसाईटी भोजपुर । |
| ड | श्री गणेश कुमार प्रधान | सदस्य |
| ९ | श्री फुलमाया तामाङ | सदस्य |
| १० | श्री गीता पोखरेल खतिवडा | सदस्य |
| ११ | श्री ओमनाथ तामाङ | सदस्य |
| १२ | श्री शाहिमान राई | सदस्य |
| १३ | डा. पवित्रा श्रेष्ठ, सदस्य सचिव | प्रमुख, जिल्ला अस्पताल भोजपुर । |

## ७. अस्पतालको भौतिक सम्पति विवरण

अस्पताल जम्मा २७ रोपनि क्षेत्रफलमा फैलिएको छ । जसमा निम्नानुसार भवनहरु छन्

| विवरण | संख्या | प्रयोजन |
|---|---|---|
| अस्पताल कोठा | ६७ | विशेषज्ञ सेवाको लागी अपयाप्त भएको |
| डाक्टर क्वाटर | १ | अप्रयाप्त कम्तीमा ५ जना डाक्टरहरुको लागी नयाँ भवन |
| नर्सिङ्ग क्वाटर | २ | अप्रयाप्त कम्तीमा १० जना नर्सिङ्ग स्टाफको लागी नयाँ भवन |
| पारामामेडिक्स क्वाटर | १ | अप्रयाप्त कम्तीमा १० जना पारामेडिक्सको लागी नयाँ भवन |
| अन्य कर्मचारी क्वाटर | ३ | |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**

भूमिसुधार/मालपोत कार्यालय

# जग्गाधनी दर्ता प्रमाण पुर्जा

जग्गाधनी संकेत नम्बर:

श्री जिल्ला अस्पताल भोजपुरको च.न.५१७ मिति २०८१।१२।२७ गतेको पत्रबाट माग भए बमोजिम ज.ध.पुर्जाको प्रमाणित प्रतिलिपी दिईएको ।

संस्थाको नाम: जिल्ला कार्यलय स्वस्थ्य उपसाखा अस्पताल

ठेगाना: जिल्ला: भोजपुर गा.पा. / न.पा. / गा. वि. स.: भोजपुर वार्ड नं.: ३

दर्ता नं.:

जारी गर्ने कार्यालय: मालपोत कार्यालय, भोजपुर

वेबसाइट: ईमेल:

दर्ता मिति (वि.स): २०६६/१०/२०

टंक प्रसाद आचार्य
कार्यालय प्रमुख

२०८१/१२/२८

| साविक कित्ता नं. | प्रमाण संकेत / कारोबार व्यहोरा | | जिल्ला / गा. वि. स. / न. पा. | वार्ड नं./ नक्सा सीट नं. | कित्ता नं./ खण्डे नं. | विवरण (घर,आवादी,इत्यादि) | जग्गाधनी को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल/ व.मि. | कैफियत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६२३ | २०३९/०६/१४<br>पुरानो नापी<br>जग्गा नापजाँच | ० | भोजपुर<br>भोजपुर | ३<br>३ | ६२३ | घर<br>रैकर निजी | एकलौटी | | भिट/ पाखो/ बारी<br>सीम | १०-१५-१-१ (रोपनी)<br>५५७४.१९ | दर्ता प्रमाणित . | |
| ६२४ | २०३९/०६/१४<br>पुरानो नापी<br>जग्गा नापजाँच | ० | भोजपुर<br>भोजपुर | ३<br>३ | ६२४ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/ पाखो/ बारी<br>सीम | ३-३-२-१ (रोपनी)<br>१६३९.४८ | दर्ता प्रमाणित . | |
| ६३६ | २०५२/०८/०८<br>राजिनामा<br>लिखत पारित | ४१६ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३६ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/ पाखो/ बारी<br>सीम | ०-१५-०-२ (रोपनी)<br>४८०.८३ | युवराज शाक्यको पा.न ११६६ बाट आएको . | |
| | | | | | | | | | भिट/ | | | |

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार / मालपोत कार्यालय .................................

## जग्गाधनी दर्ता प्रमाण पुर्जा

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६२७ | २०३९/०६/१४<br>पुरानो नापी<br>जग्गा नापजाँच | ० | भोजपुर<br>भोजपुर | ३<br>३ | ६२७ | आवादी<br>रैकर निजी | एकलौटी | | पाखो/<br>बारी<br>सीम | १-१४-०-१<br>(रोपनी)<br>९५५.७९ | दर्ता प्रमाणित ,<br>जग्गाधनी संकेत नम्बर: | |
| ६३१ | २०५१/०३/२७<br>राजिनामा<br>लिखत पारित | २८६९ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३१ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | ०-९-२-१<br>(रोपनी)<br>३०४.०० | पा.न. ४०२ को खड्ग वहादुर वाट आएको . | |
| ६३२ | २०५१/०३/२७<br>राजिनामा<br>लिखत पारित | २८६९ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३२ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | ०-१४-३-१<br>(रोपनी)<br>४७०.९० | पा.न. ४०२ को खड्ग वहादुर वाट आएको . | |
| ६३३ | २०५१/०३/२७<br>राजिनामा<br>लिखत पारित | २८६९ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३३ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | १-५-१-२<br>(रोपनी)<br>६७९.६२ | पा.न. ४०२ को खड्ग वहादुर वाट आएको . | |
| ६३० | २०५२/०३/२२<br>राजिनामा<br>लिखत पारित | २६३४ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३० | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | १-४-३-०<br>(रोपनी)<br>६५९.७५ | पा.न. १२८१ को ललीत व. शाक्य वाट आएको . | |
| ६३४ | २०५२/०३/२२<br>राजिनामा<br>लिखत पारित | २६३४ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३४ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | १-९-३-१<br>(रोपनी)<br>८२०.६९ | पा.न. १२८१ को ललीत व. शाक्य वाट आएको . | |
| ६३५ | २०५२/०८/०८<br>राजिनामा<br>लिखत पारित | ४१६.४१७ | भोजपुर<br>भोजपुर | ३<br>३ | ६३५ | आवादी<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | ०-११-२-०<br>(रोपनी)<br>३६५.५९ | युवराज शाक्य को पा.न. ११६६ वाट आएको . | |
| ६२६ | २०३९/०६/१४<br>पुरानो नापी<br>जग्गा नापजाँच | ० | भोजपुर<br>भोजपुर | ३<br>३ | ६२६ | घर<br>रैकर निजी | एकलौटी | | भिट/<br>पाखो/<br>बारी<br>सीम | ४-६-०-०<br>(रोपनी)<br>२२२५.७० | दर्ता प्रमाणित . | |

जम्मा क्षेत्रफल१४१७६.५४वर्ग मिटर

जिल्ला कार्यलय स्वस्थ्य उपसाखा अस्पताल

प्रिन्ट गर्नेको दस्तखत .................... प्रिन्ट मिति : २०८१/१२/२७

प्रिन्ट गर्नेको नाम : रामानन्द चौधरी

रुजु गर्नेको दस्तखत ..............................

## ८. FINANCIAL RESOURCE

### Operating Budget for FY 2081/82 Government Budget

| Particulars | Budget Allocated | Budget Released | Budget Expenditure | Irregularities (BERUU) | Clearances | % Clearances |
|---|---|---|---|---|---|---|
| Capital | 8,249,000 | 8,249,000 | 8,191,490 | 0 | 0 | 0% |
| Recurrent | 62,222,000 | 62,222,000 | 58,814,329.40 | 0 | 0 | 0% |
| **Total** | **70,471,000** | **70,471,000** | **67,008,519.40** | - | - | 0% |

- % of Financial Achievement: **95.08%**
- % of Physical Achievement: **97.45%**

### Hospital Development Committee

| Description | Amount (NPR) |
|---|---|
| Balance @ end Asaar 2081 | 1,996,002/- |
| Income (service fees, rent, donation etc.) during 2081/82 | 43,053,434.84 |
| Expenses during 2081/82 | 43,061,648.00 |
